सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक
# ज्योती जागरण
Jyoti Jagran Daily
जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १६२ | वि.सं. २०७९ पुस २७ गते बुधबार | 11, 2023 Wednesday, JAN | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## वडा वडामा आगो ताप्न गाउँपालिकाले उपलब्ध गरायो दाउरा ।



वीरगञ्ज । कठ्याग्रिदो जाडो बढेसँगै बिन्दबासिनी गाउँपालिकाले ५ वटै वडामा आगो ताप्ने व्यवस्था मिलाएको छ। ५ वटै वडाका वडाअध्यक्षलाई वडा वडामा आगो ताप्ने व्यवस्था मिलाउनका लागि प्रत्येक वडाका वडा अध्यक्षलाई दाउरा वितरण गरेका छन् । आवश्यक स्थानको पहिचान गरी आगो ताप्न गाउँपालिकाले वडा कार्यालय मार्फत दाउरा उपलब्ध गराएको छ।

फेरि सितलहरी सुरु भएकाले ठाउठाउँमा दाउरा पठाएर आगो ताप्ने व्यवस्था मिलाउन गाउँपालिका अध्यक्ष प्रमोद तिवारीले बताउनुभयो।

आवश्यक परेका ठाउँमा आगो बाल्न दाउरा तत्काल पुर्याउने व्यवस्था मिलाइएको बताउँदै अध्यक्ष तिवारीले जरुरत परेको ठाउँमा स्थानीय जनप्रतिनिधिसँग समन्वय गरी दाउरा माग गर्न आग्रह गरे। वडाको चौक चौकमा आगो ताप्ने व्यवस्था समेत वडा अध्यक्षहरु संग आग्रह समेत गरे।

## वडा स्तरीय बजेटबाट बाटो र नाला ढलान निर्माणको काम सुरु



रामजी यादव

वीरगन्ज । पर्साको बहुदरमाई नगरपालिका वडा नं. ३ को टोल पदमौलमा वडा स्तरीय बजेटबाट बाटो र नाला ढलान निर्माणको काम सुचारु भएको छ।

नगरपालिका वडा नं.३ को वडा स्तरीय बजेटबाट तिस लाखको लागतमा सो नाला र बाटो ढलान निर्माको काम सुरु भएको वडा कार्यालयले जनाएको छ।

वडा नं.३ का वडाध्यक्ष दिनेश प्र. यादवले पूर्व वडाध्यक्षको कार्यकालमा बाँकी रहेको नाला र बाटोलाई पहिलो प्राथमिकतामा राखी निर्माणको काम तिव्र गतिमा शुरु गरिएको बताए।

बहुदरमाई नगरपालिका वडा नं.३ को टोल नगरदाहा र पदमौलको बिच भागमा रहेको बाटोको कामलाई थप बजेट प्रयोग गरि मुख्य बाटो सम्म पुर्याउने वडाध्यक्ष यादवले बताए।

## पर्सागढि ३ मा आम अन्तरकृया कार्यक्रम सम्पन्न



२६ पुस

पर्सागढि नगरपालिका वडा न ३ स्थित जनता माध्यमिक बिधालय पकडिया बडनिहारमा भइ रहेको बिक्रीती बिसङ्गति तथा आर्थिक अनियमितताको विरुद्धमा आज आम अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ।

बिधालयका सस्थापक ब्रमदेव महतो थारुको अध्यक्षतामा भएको अन्तरक्रिया कार्यक्रममा बिधार्थी, अभिभावक, बुद्धिजिबि ,समाजसेबि लगायतको सहभागी रहेको थियो। बिधालयले अभिभावक भेला राख्न नचाहेसि युवा हरुको सक्रियतामा कार्यक्रम भएको हो।

अन्तरक्रिया कार्यक्रममा बिद्यार्थी हरुले बिधालयमा पठनपाठन नहुने गरेको समयमा पाठयपुस्तक समेत बिधालयले नदिन्दा आफू हरुको पठनपाठनमा समस्या भएको बताए ।यता अभिभावक अरुण प्रकाश रेग्मी ले बिधालयमा चरम लापरबाही तथा आर्थिक अनियमितता हुन्दा समेत बिधालय ब्यवस्थापन समिती मुखदर्सक भएको र अन्तरक्रिया कार्यक्रममा ब्यवस्थापन समिती , जनप्रतिनिधि र बिधालयको प्र अ मोहन प्रसाद चौधरी उपस्थिति नहुनाले बिधालयमा भएको

*बाँकी अन्तिम पृष्ठमा*

## सडकमा जथाभावी फोहोर गर्ने ग्लोबल आईएमई बैंकलाई ५ हजार जरिबाना ।

वीरगञ्ज। वीरगञ्ज महानगरपालिकाले सडकमा जथाभावी फोहोर फाल्नेलाई कडा कारबाही गर्न थालेको छ। सडकका ठाउँठाउँमा खटिएका नगरप्रहरी र सफाईकर्मीले जथाभावी फोहोर फाल्नेलाई तत्कालै जरिबाना तिराउने गरेका छन् । सडकमा जथाभावी फोहोर फाल्नेमा यहाँका वित्तीय संस्था अघि देखिएका छन् ।

मंगलबार मात्रै ग्लोबल आईएमई बैंकलाई अहिले सम्मकै धेरै ५ हजार रुपैयाँ जरिबाना तिराईएको छ। पुरानो बसपार्क नजिकै रहेको बैंकले सडकमा असरल्ल पारेर फोहोर फालेकाले जरिबाना गराइएको महानगरका सरसफाई तथा वृक्षारोपण संयोजक जयप्रकाश खेतानले बताए।

यस्तै शिखर इन्स्योरेन्सलाई १ हजार ५ रुपैयाँ र महालक्ष्मी ^ लावर पसललाई ५ सय रुपैयाँ जरिबाना



गरिएको पनि संयोजक खेतानले बताए । फोहोरको प्रकृती र मात्राको आधारमा जरिबाना गर्ने गरिएको पनि उनले जानकारी दिए। पहिलो चरणमा सचेत अभियान चलाइएको भए पनि अटेर गरेर सडकमै फोहोर फाल्न नछाडेपछि अब जरिबाना गर्न लागिएको महानगरका सरसफाई प्रमुख सरफुद्धिन मियाँ बताउँछन् ।

सडकमा जथाभावी फोहोर नफालौँ भनेर माइकिंग गर्नुका साथै संचारमाध्यमबाट प्रचार प्रसार पनि गरियो, स्थलगत रुपमै पनि सचेतना अभियान चलाईयो,' उनले भने, 'तर पनि अटेर गरेपछि बाध्य भएर जरिबाना तिराउन थालेका हौँ।

अहिले दैनिक जसो वित्तीय संस्था र पसललाई जरिवाना तिराइँदै आएको छ। हिजो मात्रै कृषि विकास बैंक र गगन बचत तथा ऋण सहकारी संस्थालाई जरिबाना तिराइएको थियो। महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंह निर्वाचित भएर आएसँगै नगर हरियाली र सरसफाईलाई प्राथमिकता दिँदै अभियान चलाइरहेका छन् ।

अहिले नगर हरियाली र सफा बनाई राख्न सडक, नाला तथा फुटपाथमा राखिएका निर्माण सामग्री तथा भौतिक संरचना हटाउने र फोहोर व्यवस्थापन गर्ने कामका साथसाथै वृक्षारोपण गर्ने काम चलिरहेको छ।

## फरार सांसद कोइरीले दिए प्रधानमन्त्रीलाई विश्वासको मत

काठमाडौँ – हत्या अभियोगमा फरार सूचीमा रहेका एमाले सांसद लक्ष्मी महतो कोइरी मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाललाई विश्वासको मत दिन प्रतिनिधिसभामा उपस्थित भएका छन्।

यसअघि पुस ७ गते सांसदको शपथग्रहणमा उपस्थित भएका कोइरी मंगलबार विश्वासको मत दिन पनि उपस्थित भएका हुन्

मंगलबारको बैठकमा उपस्थित २७० मध्ये २६८ सांसदले प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिएका छन्।

नेमकिपाका प्रेम सुवाल र

*बाँकी अन्तिम पृष्ठमा*



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# सीके राउतको उदय–कथा

**तुलानारायण साह**

काठमाडौं – निर्वाचनको एक साताअघिसम्म सप्तरी-२ बाट उपेन्द्र यादवलेनै जित्नेमा म विश्वस्त थिएँ। असोज र कात्तिक महिनाभरि अस्वस्थताका कारण गाउँदेहात घुम्न सकेको थिइनँ। घाँटीको समस्याका कारण मित्रजनसँग टेलिफोन सम्पर्क पनि रोकिएको थियो। सूचनाका स्रोतहरू खुम्चिएका थिए। सप्तरीको धरातलीय यथार्थबाट म निकै टाढा रहे पनि यादवको जितबारे ढुक्क थिएँ।

मेरो बुझाइ थियो, सप्तरी मधेश आन्दोलनको उर्वर भूमि हो। उपेन्द्र यादवलाई मधेश विद्रोह (२०६३) को विरासत प्राप्त छ। जिल्लाको राजनीतिमा यादव जातिको बाहुल्य छ।

साह र मुसलमान समुदायको मत पनि महत्त्वपूर्ण छ। पाँच वर्षदेखि जनकपुरमा मन्त्री रहेका शैलेन्द्र साह त्यही क्षेत्रमा प्रदेशसभाका उम्मेदवार छन्। राजविराजकी उपमेयर जसपाकै मुसलमान समुदायकी नेत्री छन्। त्यसकारण त्यहाँका वैश्य र मुसलमानको मत यादवतिरै जाने हो।

विकासको सवालमा पनि उपेन्द्र यादवकै कारण जिल्लामा अनेक योजना कार्यान्वयनमा छन्। यावत् कारणले म उनको विजयबारे ढुक्क थिएँ। तर, कात्तिक ३० गते सेतोपाटीमा प्रकाशित निर्वाचन सम्बन्धी स्थलगत रिपोर्टले मेरो अनुमानलाई करेन्ट लागेसरहको झट्का दियो।

रिपोर्टमा किटानीसाथ भनिएको थियो- सप्तरी-२ मा सीके राउतको जित लगभग निश्चित छ। लगत्तै सप्तरीका आफ्ना मित्र र परिवारजनसँग जसोतसो सम्पर्क स्थापित गर्न थालें। अस्वस्थताका बावजुद म मंसिर १ गते राजविराज हुँदै आफ्नो गाउँ गोइठीतर्फ प्रस्थान गरें।

राजविराजमा पहिलो भेट पुराना मित्रसँग भयो, जो उपेन्द्र यादवका प्रचारक भएर खटिएका थिए। 'यस पटक उपेन्द्र सरलाई गाह्रो छ,' मित्रको निराशापूर्ण पहिलो प्रतिक्रिया थियो।

मेरो दोस्रो भेट जेपी गुप्तासँग भयो। गुप्ताकै गाडीमा भारदहसम्म जाने अवसर मिल्यो। सप्तरीबाट तीनवटा संसदीय निर्वाचन जितेका गुप्ताको विश्लेषण शैलीबाट म करिब तीन दशकदेखि परिचित छु। कुराकानी सुरु हुनासाथ उहाँले भन्नुभयो, 'आजको मितिमा निर्वाचन भयो भने यस क्षेत्रमा सीके राउतले कम्तीमा पनि पाँच हजार मतले जित्छन् तर तीन रात बाँकी छ। उपेन्द्र यादव र जयप्रकाश ठाकुर दुवैलाई निर्वाचन आफूले नै जित्छु भन्ने लागेको छ। परिस्थिति ठीक उल्टो छ। यो कुरा दुवै मान्न तयार छैनन्। वास्तवमा यादव र ठाकुर दोस्रो हुनेमा प्रतिस्पर्धा गर्दै छन्। ठाकुरको मत अझै पनि निर्णायक छ। त्यो मत उनीसँग रहने सम्भावना कम छ र कता जाने हो, हेर्न बाँकी छ।' यी सब कुराकानी गरिनसक्दै हामी भारदह पुग्यौं। र छुट्टियौं।

साँझ गाउँ पुग्दा चार जना छिमेकीसँग भलाकुसारी गर्ने अवसर मिल्यो। पहिलो भेट विमल रामसँग भयो। दलित समुदायका उनी गाउँका निकै सज्जन व्यक्ति हुन्। उनी पहिले कांग्रेसलाई मत हाल्थे। माओवादी जनयुद्धयता माओवादीका मतदाता थिए। उनले सुरुमै भने, 'यस पटक त हामी होरन छापमा भोट हाल्ने हो।' हर्न छाप सीके राउत नेतृत्वको जनमत पार्टीको निर्वाचन चिह्न हो।

'किन ? को छन् होरन छापको उम्मेदवार ?'

'साउदीबाट छोराले फोनमा भनेको छ। हामीले भिडियो पनि हेरेका छौं। सीके राउतको छाप हो होरन। उनी महदेवाका विज्ञानिक हुन्। उनलाई सरकारले मार्न खोजेको थियो। पहिले जेलमै कुहाएर मार्ने योजना बनाएको थियो। जसोतसो जेलबाहिर आए। अहिले सबै पार्टी गठजोड गरेर राजनीतिमा उनैलाई समाप्त पार्न खोज्दै छन्। त्यस्तो राम्रो मान्छे ! उनको पार्टीले हाम्रो छोरा, भतिजलाई अरबमा निकै सहयोग गरेको छ। त्यसकारण हामी उसैलाई भोट दिने भएका छौं।' एक छोरा र दुई भतिज साउदी अरबमा भएका विमल रामको लामो जवाफ थियो।

कामानन्द यादव मेरा बालसखा र छिमेकी पनि हुन्। हाल उनी दुहबी, सोनापुरको एउटा कारखानामा मजदुरी गर्छन्। निर्वाचनको माहोलमा कुराकानीको थालनी भोटबाट हुने नै भयो। उनले भने, 'सोनापुरमा म काम गरिरहेको कारखानामा र नजिकै डेरा गरी बस्नेमा करिब दुई, ढाई सय युवा मजदुरहरू सिरहा-सप्तरीका छन्। ती सबैले होरन छापमा भोट दिनुपर्छ भन्थे। म पनि त्यही सोचमा पुगेको छु।'

तेस्रो पात्र मेरा काका पर्ने छिमेकी नेटरु साह थिए। उनी अलि कम बुझ्ने मानिसमा गनिन्छन्। मैले उनलाई सोधें, 'भोट कसलाई हाल्ने सोच्नुभएको छ ?'

'होरन छाप,' उनको जवाफ थियो। 'महदेवावाला विज्ञानिकको हो। उनी भारदहमा मलखादको फेक्ट्री खोल्छन् रे ! हामी काम पाउँछौं।'

चौथो पात्र दलित समुदायकी, मेरी काकी पर्ने एक महिला थिइन्। भोटबारे काकीको भनाइ थियो, 'बढी चर्चा त होरन छापकै छ। गाछी छापको उम्मेदवार पनि गाउँकै भलादमी मानिस हुन्। पुरुषहरू गाछी छापमा पनि हाल्ने गाइँगुइँ सुन्दै छु तर महिलाहरू होरन छापमा हाल्न एकमत छौं। हामी टोलभरिका महिलाहरू एकै ठाउँमा बसेर उनको सिनेमा हेरेका छौं। उनलाई पुलिसले निकै कुटेको रहेछ। बिचरा, निकै दुःख पाएका छन् !'

माथिका संवादका केही बुँदा उल्लेखनीय छन्। पहिलो, अरबमा बस्ने छोराले फोनमार्फत भोट हाल्न भन्नु। दोस्रो, सीकेबारेको भिडियो हेरेर धारणा बनाउनु। तेस्रो, सरकारले उनको हत्या गर्न खोजेको बुझाइ। चौथो, मलखादको कारखाना खुल्ने र आफूले रोजगारी पाउने आस। पाँचौं, सप्तरी-सिरहाका मजदुर युवाहरूमा सीकेप्रतिको आकर्षण।

सीके राउतको जन्म गाउँ सप्तरीको महदेवा हो, जुन मेरो गाउँ गोइठीदेखि करिब तीन किलोमिटर दक्षिणमा पर्दछ। जनमत पार्टीले उनको जीवनीमा आधारित एक घण्टा बीस मिनेट लामो वृत्तचित्रजस्तै सामग्री तयार पारेको रहेछ। केही वर्षयता मधेशका विभिन्न बस्तीमा त्यस पार्टीका कार्यकर्ताहरूले प्रोजेक्टरमार्फत त्यही भिडियो प्रदर्शन गर्दै आएका थिए।

मसँगको संवादमा दलित महिलाले उल्लेख गरेको सिनेमा खासमा त्यही भिडियो रहेछ। देहाततिर नाम थाहा नभएका पुरुषलाई सम्बोधन गर्दा उनको गाउँको नाममा 'वाला' जोडेर बोलाउने चलन छ। माथि उल्लेख गरिएका, सीके राउतको नाम थाहा नभएकाहरूले 'महदेवावाला नेता' वा 'विज्ञानिक' भन्दा रहेछन्। अमेरिकामा काम गर्दा उनको पद 'सिनियर साइन्टिस्ट' थियो, देहातको भाषामा 'विज्ञानिक'। यसरी अमेरिकामा सिनियर साइन्टिस्ट रहेका सीके मेरो गाउँ गोइठीका दलित, गरिब, निमुखा बस्तीमा 'महदेवावाला विज्ञानिक' भनेर प्रख्यात रहेछन्।

मैले सीके राउतलाई पुल्चोक क्याम्पसमा पढ्दा चिनेको हुँ, करिब २५ वर्षअघि। सन् २०११ तिर अमेरिकाबाट फर्केपछि उनीसँग पहिलो पटक राजनीतिक कुराकानी भएको सम्झिन्छु। उनको शैक्षिक एवं प्राज्ञिक व्यक्तित्वबारे केही भन्नैपरेन। तर, राजनीतिक व्यक्तित्व (खास गरी चुनावी राजनीतिमा) यति छिटो यसरी चम्किएला, मैले सोचेको थिइनँ। मेरो अनुमान थियो, यस पटकको निर्वाचनमा उनको पार्टी स्थापित होला र सिटचाहिँ आगामी निर्वाचनहरूमा मात्र ल्याउने होला। तर जनमत पार्टीले जस्तो परिणाम पाएको

बाँकी तेश्रो पृष्ठमा

# सामुदायिक वन : जति फाइदा उति बेफाइदा

**कृष्णप्रसाद पौडेल**

बहुदलसँगै हुर्के-बढेको सामुदायिक वन अहिले तीस वर्षको लाठे भएको छ। यसलाई जन्माउने प्रक्रियासमेत यसको उमेरजत्तिकै लामो छ। खास गरी, राणाकालमा जागिरबापत वनको जमिन दिने र यस्तो जमिनलाई कृषिक्षेत्र विस्तार गरी कर उठाउन लगाउने गरिन्थ्यो।

राणाकालको अन्त्यपछि बनेको संसद्ले, यस्तो कार्य नरोके नेपालले वनक्षेत्रको ठूलो भाग गुमाउने ठहरसँगै, वनको राष्ट्रियकरण गर्ने निर्णय गऱ्यो। तर यो निर्णयले गर्दा वन राखे जमिन निजी बनाउन नपाइने भय बढ्यो। यसले वन फँडानी गरी कृषि जमिन विस्तार गर्ने क्रम झनै बढायो।

दोस्रो विश्वयुद्धको अन्त्यसँगै पश्चिमी अध्येताहरू संसारभरिका स्रोतहरूको आकलनमा निस्के। विश्वयुद्धपछि उपनिवेशी यात्राबाट तहसनहस प्रकृति र वातावरणमा परेको प्रभावको आकलन हुनु स्वाभाविक थियो। यो खोजीसँगै अमेरिकी राष्ट्रपति हेरी ट्रुमनले लडाइँले ध्वस्त युरोपको पुनर्निर्माणको दायित्व लिने उद्घोष गरे। यस्तो विकासको अपेक्षा पूरा गर्न पश्चिमी ज्ञानशालामा निर्माण भएको विघटनवादी विकासे ज्ञान फैलाउन सुरु भयो, जसले हिमाली क्षेत्रको वातावरणीय संकटको समस्या जनसंख्या वृद्धि भएको र वन फँडानी बढेको, यो तत्कालै नरोके नेपालको मध्यपहाडमा वन विनाश, ऊर्जा र पानी संकट बढ्ने निष्कर्ष निकाल्यो। यही बहसमा टेकेर विश्व बैंकजस्ता बिचौलिया संस्थाहरूले पन्ध्र वर्षमा नेपालको वनक्षेत्र सबै मासिने घोषणासमेत गरे।

यस्तो निचोड कुनै संयोग मात्र थिएन, औद्योगिक विकासले दीक्षित पश्चिमी संस्कृतिको नियोजित अभिव्यक्ति थियो। कति अर्थमा यो विश्वयुद्धका कारण प्रकृतिदोहन गर्ने उपनिवेशी यात्रा रोकिएसँगै यस्ता स्रोतमाथि परैबाट नियन्त्रण गर्न आवश्यक रणनीति परीक्षण गर्ने अस्वाभाविक हस्तक्षेपसमेत थियो। गएका सात दशकमा विश्वव्यापी रूपमा भए-गरेका हस्तक्षेपकारी गतिविधिबाट यसको पुष्टि भएकै छ।

सुरुमा विश्व बैंक र पछि एफएओ लगायत नेपाल सरकारलाई वन व्यवस्थापन प्रक्रियामा प्रभाव पार्न सफल भए। वन फँडानीका समस्याहरूमा प्रस्तुत विम्ब र विश्लेषणले यो समस्याको समाधानमा उनीहरूकै ज्ञानसत्ता मुख्य उपायका रूपमा स्थापित भयो। अनि वन व्यवस्थापनमा पश्चिमी ज्ञान र प्रविधिको वर्चस्व मात्र हुँदै गएन, यसले वन र समुदायको परिभाषा, मर्म र अस्तित्वमा समेत गहिरो प्रभाव पाऱ्यो। वन र यसमा आश्रित समुदायको आज जेजस्तो अवस्था छ, त्यो यही पश्चिमी ज्ञान र त्यसैको अभ्यासको परिणाम हो।

यस्तो हुनुमा हाम्रै आन्तरिक कारणसमेत छन्। राणाकालदेखि विश्वयुद्ध हुँदै सन् १९७० को दशकमा आइपुग्दा, हामी भने भरखर आँखीझ्यालबाट बाहिरी दुनियाँ चियाउँदै थियौं। पश्चिमी भौतिक प्रगतिको चमकधमकका कथा र घुमन्ते गोराहरूको वैभवले उनीहरू विकासे र जान्ने, हामी अविकासे र नजान्ने हुन मात्र होइन, उनीहरूका अर्ती-बुद्धिलाई शिरोपर गर्न शासकले देखाएको बाटो समाउँदै नतमस्तक हुनसमेत तयार थियौं। उनीहरूकै जस्तो विकास चाहिएको थियो, उनीहरूका आदेशको पालना गर्दै हो मा हो मिलाउन सामुदायिक वन अपवाद कसरी हुन्थ्यो र ?

वन जोगाउन स्थानीय सहभागिता भन्दै सुरुमा वन ऐन-१९६१ का प्रावधानहरूभित्र रहेर सरकारले पञ्चायत वन र पञ्चायत-संरक्षित वन नियमहरू लागू गऱ्यो, जसले स्थानीय निकायहरूलाई वन व्यवस्थापनको जिम्मेवारी दियो। यी निकायहरूसँग आंशिक वन नियन्त्रण अधिकारसहित वनजन्य उत्पादन लाभहरूको अधिकार थियो। यो वन अधिकार सरकारबाट स्थानीय समुदायमा हस्तान्तरण गर्ने दिशामा महत्त्वपूर्ण कदम भए पनि वास्तविक अधिकार वन स्रोतमा निर्भर रहेका उपभोक्तासम्म पुग्ने कुरा भएन। किनकि वन व्यवस्थापनको जिम्मेवारी पञ्चायत चलाउने स्थानीय अभिजात वर्गले लिएको थियो। राजनीतिक नेताहरूले यसलाई आफ्नो स्थिति बलियो बनाउन दुरुपयोग गरे।

तर स्थानीय तहसम्म भएको विकेन्द्रीकरणले समुदायमा वन हस्तान्तरण गर्न सकिने बाटो भने देखायो। सुरुमा यही बाटो पछ्याउँदै काभ्रेको नाला, सिन्धुपाल्चोकको डाँडापाखर र धनकुटाको पातले वनमा समुदायलाई वन व्यवस्थापन गर्नर् जिम्मेवारी दिने परीक्षण परियोजना सञ्चालन भए। यी परीक्षणहरू कसरी समुदायले वनको दिगो व्यवस्थापन गर्दै वन स्रोतबाट आफ्नै आम्दानी र रोजगारी बढाउन सक्छ भन्नेमा केन्द्रित थिए।

दर्जनौं दाताका वन विकास परियोजना र गैरसरकारी संस्था सामुदायिक वन अभियान चलाउन नेपाल भित्रिए। सन् १९९० मा प्रजातन्त्र पुनर्बहालीपछि वन व्यवस्थापनमा स्थानीय समुदायको भूमिकालाई मान्यता दिइयो र सामुदायिक वन यिनै दाताको सहयोगमा सरकारकै औपचारिक कार्यक्रमका रूपमा सञ्चालन भयो। प्रारम्भिक चरणहरूमा सरकार र दाताहरूले पहाडी क्षेत्रमा आफ्नो प्रयास केन्द्रित गरे र यो बिस्तारै सबैतिर फैलियो। उदाहरणका लागि, ज्ञान र

बाँकी तेश्रो पृष्ठमा

# व्यवस्था फेरियो, अवस्था कहिले ?

**नीलबहादुर लुम्रे**

गाउँ शून्य हुँदै गर्दा संघीय राजधानीमा रहेको राहदानी विभागमा भीड बढिरहेको छ। कसैले उमेर बढाए र त कसैले घटाएर नागरिकता बनाएका छन्। स्वदेशमा रोजगारी पाइँदैन। जसरी भए पनि वैदेशिक रोजगारीमा जानुपर्छ। यो आम नेपाली युवाको अवस्था हो।

राहदानीको लागि युवा दिनहुँ लाइनमा बसिरहेका छन्। युवालाई रोजगार दिन नसक्ने सरकारले तत्काल राहदानी पनि दिन नसक्ने सूचना प्रकाशन गरेको छ। राहदानी विभागको सिस्टम बिग्रिएको कारण राहदानी वितरण गर्न नसकिने राहदानी विभागले सूचना जारी गरेको छ। वैदेशिक रोजगारीमा जान आतुर युवा निराश छन्। यो विषयमा प्रधानमन्त्री र गृहमन्त्री खुबै चिन्तित देखिन्छन्। र, तत्काल सिस्टम सुधार गर्न लागिपरेका छन्।

सरकार राहदानी विभागमा युवाहरू लाइन लाग्नुको अन्तर्निहित कारणहरू बुझ्ने पक्षमा अझै छैन। सिस्टम नै अवरुद्ध हुने गरी राहदानीको माग किन बढ्यो ? यस प्रश्नको जवाफ खोज्न अन्त जानै पर्दैन। दिनभरि लाइनमा बसेर पालो कुरेका युवाहरूलाई सोधे पुग्छ। उनीहरू पनि आफ्नो परिवारसँग बसेर नेपालमा रमाउन चाहन्छन्। परिवार सम्हाल्नुपर्ने जिम्मेवारीलाई राम्ररी बुझेका छन्। र त्यही जिम्मेवारीसहित राहदानी बोकेर वैदेशिक रोजगारीमा लाग्नुपर्ने बाध्यताले लाइनमा उभ्याएको छ।

स्वदेशमै रहन पनि धेरै लाइनमा उभिए। खेती गर्न बालीको सिजन नै सकिएसम्म मलखादको लाइनमा उभिए। कसैले दुई/चार केजी मल पाए, सबैले पाएनन्। खेतीपातीले परिवारको पेट धान्न गाह्रो भयो, अन्य खर्च त परै जाओस्। रोजगारीको लागि लाइनमा उभिए। पहुँच भएकाहरूले पाए, सबैले पाएनन्। रोजगारीबाट प्राप्त थोरै पारिश्रमिकले मुस्किलले भोक त टार्न सक्ने भयो। तर, छोराछोरी पढाउनलाई साहु, महाजनसँग चर्को ब्याजमा ऋण नै लिनुपर्छ। हो, त्यही ऋणले पिरोलिएर राहदानी विभागमा युवाहरूको लाइन बढेको हो। एकाथरी युवाहरूले स्वदेशमै बस्न व्यावसायिक योजना बनाए। योजना बोकेर बैंकको लाइनमा उभिए। सडक छेउको जग्गा धरौटी भएका र पहुँच भएकाहरूले पाए, सबैले पाएनन्। अहिले राहदानी विभागले राहदानी वितरण बन्द गरे झैं बैंकले ऋण बन्द गरेको छ। मुलुकमा देखा परेको आर्थिक संकटको कारण व्यवसाय ठप्प झै भएको छ। बैंकले ऋणको ब्याजदर बढाइरहेको छ। भाकाबमोजिम बैंकको किस्ता बुझाउन सकेको छैन। बैंक र साहु, महाजनको ताकेताले लज्जित बनेका इमान्दार नागरिकहरूले निराश छन्। हो, आफू बाँचेर परिवारलाई बचाउने आशामा वैदेशिक रोजगारीमा जान मरिहत्ते गर्नुपर्ने भएको छ। आयआर्जनको विकल्प बन्द भएका विपन्न युवाहरू कैयौं योजना र सपनाहरू कुल्चेर राहदानी विभागको लाइनमा भोकभोकै उभिइरहेका छन्।

चर्को ब्याजसहितको ऋणले थिचिएकाहरू थोरै जग्गा बेचेर ऋण तिर्ने र थोरै भए पनि जोगाउने भन्दै मालपोत कार्यालयको लाइनमा उभिए। त्यहाँ पनि कित्ताकाट बन्द छ। पूरै कित्ता बेच्नेले कित्ताकाट गरेर बेच्न पाए। कित्ता काटेर बेच्न पाएनन्। अन्ततः बैंकले लिलामी प्रक्रिया सुरु नै गरेपछि सम्पत्ति रित्तिएकाहरू राहदानी विभागको लाइनमा उभिएका छन्। आफू बाँच्न र परिवार पाल्न भोकभोकै लाइनमा उभिएका छन्।

राजनीतिक परिवर्तनको बहानामा राज्यले अनुत्पादक क्षेत्रमा खर्च गरिरहेकै छ। अब प्राथमिकताका क्षेत्र निर्धारण गरेर मात्र राज्य संरचना तथा योजना निर्माणको कार्य गर्नुपर्ने आवश्यक छ। हेरौं, काठमाडौं महानगरपालिकामा एकजना मेयर छन्। अनि संघीय संसद् र प्रदेश संसद् चाहिँ धेरै किन चाहिँदो रहेछ ? यो मैले नबुझेको विषय हो। तर नागरिकको प्रतिनिधिले नागरिकहरू हरेक ठाउँमा लाइनमै बस्नुपर्ने अन्तर्निहित कारणहरू बुझेका छन् कि छैनन् ? भन्ने प्रश्न मात्र हो।

सरकारले लाइन घटाउने र हटाउने कार्यको लागि निर्देशन मात्र दिने होइन। समस्याको दिगो समाधान गर्न परिणाममा आधारित व्यवस्थापनको आवश्यक छ। सरकारको लक्ष्य र उद्देश्यलाई मापन गर्न सक्ने सूचकहरूसहितको योजना निर्माणको आवश्यकता छ। कुनै बेलाको महाराजाहरूको हुकुम चलेझैं योबेला निर्देशनले मात्रै चल्नेवाला छैन। सामान्य बुझाइ भए मात्र पनि पुग्छ। कर्मचारी संयन्त्रले सामान्य अवस्था बाहेक, नियम कानुनलाई आधार बनाएर काम गर्ने हो। नीति नियमलाई व्यावहारिक बनाउनको लागि कार्यान्वयन अघि कम्तीमा परीक्षण गर्ने व्यवस्था मिलाउनुपर्छ। जसले गर्दा नागरिकले अनावश्यक झमेला व्यहोर्न नपरोस्। अनावश्यक झमेलामात्रै हटाउन सकियो भने पनि सेवाग्राहीको भीड घटाउन योगदान पुऱ्याउँछ।

समस्याको दिगो समाधानको लागि आर्थिक अवस्थामा सुधार गरेर स्वदेशमै रोजगारी सिर्जना गर्न आवश्यक छ। त्यसका लागि उत्पादन हुने क्षेत्र निर्धारण गरी लगानीको प्राथमिकता बढाउनुपर्ने आवश्यकता बढेको छ। सँगसँगै नेपाली पैसा बाहिरिने माध्यमहरूलाई न्यूनीकरण गर्नुपर्ने देखिन्छ। उच्च शिक्षा अध्ययन गर्नको लागि विद्यार्थीले हरेक वर्ष अर्बौं खर्च गरेर बिदेसिएका छन्। त्यसरी बिदेसिएका विद्यार्थीहरू अधिकांश विदेशतिरै पलायन हुने हुँदा लगानी फिर्ता हुने न्यून सम्भावना छ। त्यसकारण, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गरी गुणस्तरीय शिक्षामात्रै प्रदान गर्ने व्यवस्था गरौं। उच्च शिक्षाको लागि देशबाहिर जाने पैसालाई स्वदेशमै रोकौं। सहज त नहोला र पनि तत्कालकै लागि होस् कमसेकम कानुन संशोधन गरेर नेपाली नागरिक बाहेककालाई बिक्री गर्न सक्ने प्रावधान बनाऔं र सकेसम्म बाहिर

बाँकी तेश्रो पृष्ठमा

## व्यवस्था.....

रहेको पैसालाई स्वदेशमा फिर्ता ल्याउने वातावरणको सिर्जना गरौं। थोरै भए पनि आर्थिक संकटलाई न्यूनीकरण गरौं।

राज्यले विकासका योजना निर्माण र कार्यान्वयन गरिरहेकै छ। प्रदेश सरकार र स्थानीय सरकारले निर्माण गर्ने योजनाहरूमा अति आवश्यकभन्दा बाहेक अनावश्यक भौतिक पूर्वाधार निर्माणका कामहरूलाई न्यूनीकरण गरौं। राज्यले गरेको लगानीबाट के उत्पादन हुन्छ र त्यसको बिक्री वितरणबाट कतिजनाको रोजगारी सिर्जना गर्न सक्छ भन्ने विषयलाई ध्यानमा राखौं। नागरिकको सामान्य जीवनयापनका समस्याहरू समाधान गरेर मात्रै भौतिक पूर्वाधार निर्माणको कामको सुरुवात गरौं। हरेक लगानीबाट उत्पादन र उत्पादनबाट हरेका नागरिकलाई रोजगारी भन्ने अवधारणाको विकास गरौं।

विकासका लागि नेपालमा हजारौं राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले काम गरिरहेका छन्।

संस्थाहरूसँग छलफल र समन्वय गरेर तत्कालकै लागि भए पनि उत्पादन र रोजगारीलाई प्राथमिकताको क्षेत्र निर्धारण गरौं।

कम्तीमा उत्पादनको क्षेत्रमा परिचालन हुने मानव संसाधनलाई आवश्यक ज्ञान र सीप प्रदान गर्नमा संस्थाको योगदान खोजौं। गैरसरकारी संस्थाहरूले आवश्यक ज्ञान र सीप प्रदान गरेर दक्ष जनशक्तिको विकास गर्न सकियो भने मात्र दिगो विकासको परिकल्पना गर्न सकिन्छ। समृद्ध नेपाल, सुखी नेपालीको परिकल्पनालाई साकार गर्ने हो भने राज्यप्रणाली सञ्चालन गर्ने प्रणाली आवश्यक छ। पात्रभन्दा पनि प्रवृत्ति परिवर्तन हुन आवश्यक छ। **साभार अन्नपूर्णपोष्ट्**

## सामुदायिक........

प्रविधिको बाह्य वर्चस्व कायम राख्न नेपाली शैलीकै भनसुन र माथिको आदेशका भरमा आफूखुसी लाखौं डलरका दर्जनौं परियोजना भित्रिए । कतिसम्म भने, सन् २००० को दशकमा यस्ता परियोजनाले ७० जिल्लामा भागबन्डा लगाएर यी परियोजना सञ्चालन भएका थिए ।यो कार्यक्रम वनको ह्रास रोक्न विगतका प्रयासहरू असफल भएको र नेपालमा वनमा निर्भर गरिबहरूको जीविकोपार्जनलाई प्रवर्द्धन गर्ने आवश्यकताको उदार अनुभूतिबाट उत्पन्न भएको हो भन्न सकिन्छ । अहिले नेपालभर सामुदायिक वनयोग्य ३५ लाख हेक्टरमध्ये २२ लाख हेक्टरजति हस्तान्तरण भएको छ भने, २२ हजार ४ सय ४५ सामुदायिक वन समूह र औपचारिक तथ्यांकमा २९ लाख घरधुरी यस अभियानमा सामेल छन् । योसँगै, सामुदायिक वन प्रवर्द्धनका लागि दर्जनौं नीति, संस्था र अभ्यासहरू भएका छन् । जीविकोपार्जन र दिगो पर्यावरणमा योगदान दिने घोषित उद्देश्य रहे पनि यसमा लगाइएको स्रोत र श्रमको अनुपातमा यी दुवै क्षेत्रमा उपलब्धि पाइएको छैन । हरियाली र आश्रित समुदायको चेतना बढेकोमा धेरै विवाद छैन । अन्य पक्षको प्रगति भने धेरै सन्तोषजनक छैन । वन स्रोतको दोहनले विविधतामा ह्रास आएको छ । आश्रित समुदायको जीवनको संकट गहिरिँदो छ । वनमा फैलिँदो वनमारा, गाउँ-बस्तीमा आतंक बनेका वन्यजन्तु, मरुभूमीकरण हुँदै गएको चुरेको फेदी क्षेत्र अनि कृषि-वन सम्बन्धविच्छेद यस्तो विविधता ह्रासका केही उदाहरण हुन् ।

विडम्बना, सामुदायिक वन बनेसँगै प्रकृतिसम्मत परम्परागत किसानीसमेत विस्थापित हुँदै गएको छ; कृषि र वनजन्य स्रोतको अन्तरनिर्भरताको जग भत्केको छ । वन स्रोतमा आश्रित समुदायको जीविकोपार्जन र खाद्य सुरक्षाको गम्भीर प्रश्न हो यो । यसमा निर्भर समुदायको आयआर्जनमा योगदान पुग्ने उद्यम, व्यवसाय र आम्दानीको आधार अझै बन्न सकेको छैन । यस्तो हुनु अस्वाभाविक होइन किनकि सामुदायिक वन पनि अन्य विकासे परियोजनाजस्तै बाह्य ज्ञान, दान र परम्परागत सत्ताको दबाब र दासताको चक्रीय प्रभावबाट मुक्त थिएन । धेरै अर्थमा धेरै सामुदायिक वन अभियान यसबाट अझै उम्कन सकेको छैन ।

यसबारे थप प्रसंगको चर्चा गरौं । पहिलो, पूर्ण सरकारी नियन्त्रणमा रहेको वन स्रोत कर्मचारी र राजनीतिक नेतृत्वका लागि गाडधनजस्तै थियो र अहिले पनि छ । समुदायको हक जताएर यस्तो धनमा आँखा लगाउन आउने परियोजनाप्रति समुदायका अगुवा र कर्मचारी दुवै खुसी थिएनन्, अहिले पनि नभएको गुनासो छँदै छ । सामुदायिक वनले प्रशासनिक समस्या र झन्झटिलो प्रक्रियाका बारेमा खासै बोलेको देखिँदैन । एउटा ढलेको रूख निकाल्न पनि निकै लामो झन्झट बेहोर्नुपर्छ ।

दोस्रो, यस्ता परियोजनाले सामुदायिक वन व्यवस्था गर्न नयाँ बिचौलियाको सह-उत्पादन गरे । लाखौं सदस्य रहेका समूहमा राजनीतिक पार्टीहरूले आँखा लगाए । परिणामतः सामुदायिक वन अभियान वन व्यवस्थापन र समुदायको स्रोतमाथिको पहुँचजस्ता सवालमा भन्दा स्रोतदोहनमा मिलीजुली गर्ने थलो बनेको छ ।

अहिले यस्ता विकासे परियोजना त छैनन्, तर यिनले भित्र्याएका संस्थागत विकृति भने छरपस्ट छन् । यसबाट सामुदायिक वनको साख मात्र घटेको छैन, अपवादबाहेक समुदायको चाखसमेत घटेको छ । वैज्ञानिक वनको चाखले वन पैदावरमा रोक, तीन तहका सरकारका तेहरो कर, चुरे संरक्षणमा वातावरण मन्त्रालयको वर्चस्व लगायतले सामुदायिक वन स्रोतदोहनका हर्ताकर्तासमेत निराश छन् ।समृद्धिका लागि सामुदायिक वनका पक्षमा नेपाली समाजले ठूलो मूल्य चुकाएको छ । तीन दशकको सामुदायिक वन अभियानले के दियो र हामीले के गुमायौं ? यसका अगुवा र अभियन्ताले निर्मम समीक्षा गर्ने बेला भएको छ । यसतर्फ संसद् लगायत सबै सरोकारवालाको समयमै ध्यान जाने नै छ ।साभार : कान्तिपुर

## सीके...

छ, त्यसले धेरैलाई चकित बनाएको छ । त्यस्तो परिणाम कसरी आयो होला, मेरा लागि खोजीको विषय बन्यो ।

सीके 'क्रेज' मेरो गाउँमा जस्तै अन्य गाउँबस्तीमा पनि थियो कि थिएन ? त्यो क्रेज समाजको कुन तप्का, बस्ती, वर्गका मानिसहरूमा थियो ? र, कसरी सम्भव भएको थियो ? उत्तर खोज्ने सिलसिलामा मैले सप्तरीका करिब पाँच दर्जन मानिससँग कुराकानी गरें । ती आम मानिस, मतदाता, जनमत, जसपा लगायतका नेता-कार्यकर्ता थिए । सप्तरीको समाजमा सीकेको क्रेज सबैतिर राम्रै थियो तर सप्तरी-२ मा अलि बढी थियो । त्यतो कसरी भयो होला ? मेरा लागि खोजीको थप विषय बनिरह्यो ।

जनमत पार्टीले केही खास काम बडो रणनीतिक तरिकाले गरेको रहेछ । पहिलो, मधेशमा आफ्ना लागि उपयोगी हुन सक्ने समूहको पहिचान गर्नु । दोस्रो, त्यस समूहमा सीकेको व्यक्तित्वलाई त्यागी, संघर्षशील नेताका रूपमा स्थापित गर्नु । उनलाई राज्यले मार्न खोजेको भाष्य निर्माण गर्नु । तेस्रो, मतदान केन्द्र (बुथ) लाई सबैभन्दा महत्त्व दिँदै कार्यकर्ता परिचालनको विशेष रणनीति बनाउनु । चौथो, आफ्ना मतदाताहरूलाई सुरक्षाको प्रत्याभूति दिलाउनु । पाँचौं, उपेन्द्र यादव पक्षको भाष्यलाई चिर्न प्रत्युत्तरमा विश्वासयोग्य भाष्य निर्माण गर्नु ।

यिनै पाँच रणनीतिले सीके राउतले निर्वाचन जितेका हुन् ।

सर्वप्रथम, सीके राउतको व्यक्तित्व स्थापित गर्न गरिएका कामबारे चर्चा गरौं । वैदेशिक रोजगारीमा गएका युवाहरू, गाउँमा रहेका तिनका परिवार, पूर्ण वा अर्धबेरोजगार ग्रामीण युवाहरू, ग्रामीण महिलाहरू, दलित र विपन्न वर्गका मानिसहरूलाई जनमत पार्टीले आफ्नो लक्षित समूह छानेको रहेछ । जनमत पार्टीको सबैभन्दा बलियो प्रभाव अरब र मलेसियामा रहेका मधेशी युवाहरूबीच छ । ती कार्यकर्ताहरू र पार्टीको नेटवर्क गजबसँग प्रयोग भएका रहेछन् । तिनीहरूले आफ्ना परिवार र आफन्तलाई पटक-पटक फोन गरेर हर्न छापमा भोट हाल्न भनेका थिए । मधेशी समाजमा दलित समुदाय, बेरोजगार युवाहरू र महिलालाई खासै राजनीतिक महत्त्व दिइन्न । पुराना पार्टीका नेताहरूले तिनलाई उपभोगको सामग्री ठान्दा रहेछन् । दलितहरूले आफ्नो भोटबारे स्वतन्त्र निर्णय लिन सक्दैनन्, निर्वाचनको दुई-चार दिनअघि तिनलाई खरिद गर्न सकिन्छ, मासु र रक्सी खुवाएर वा धम्क्याएर पनि भोट लिन सकिन्छ भन्ने सोच ती नेताहरूमा व्याप्त छ । मधेशको यही अन्तरविरोधलाई जनमतले गजबले बुझेको देखियो । अरू पार्टीले नजरअन्दाज गरेका मतदाता समूहलाई जनमतले पुँजीका रूपमा ग्रहण गर्‍यो र ती समूहमा इमानदारीपूर्वक काम गर्‍यो ।

मैले कुरा गरेका मानिसहरूमध्ये अधिकांशले भिडियो हेरेर सीकेबारे धारणा बनाएको पाएँ । त्यही कुरा मैले सीकेका निर्वाचन कमान्डर इन्द्रजित यादवलाई सोधें, 'त्यो भिडियोमा के थियो र कसलाई, कसरी देखाइयो ?' भिडियो मूलतः सीके राउतको आत्मकथा 'वैरागदेखि बचावसम्म' मा आधारित छ । विद्यार्थी जीवनमै गेरुवस्त्र धारण गरेर भारतका धार्मिक पीठहरूको भ्रमण गरेदेखि अमेरिकाबाट नेपाल फर्केसम्मका अनेकौं दृश्य छन्, भिडियोमा । उनले गरेका संघर्ष, प्रहरी ज्यादती, आमसभामा प्रहरी हस्तक्षेप र लाठी चार्ज, दर्जनौं पटक गिरफ्तार गरिँदाका क्षणहरू समेटिएको उक्त भिडियो बस्तीबस्तीमा प्रोजेक्टरमार्फत प्रदर्शन गरिएको रहेछ । खास गरी महिलाहरूका समूह र दलित बस्तीहरूमा । प्रायः साँझको समयमा भिडियो प्रदर्शन गरिन्थ्यो, जति बेला महिला र मजदुर वर्गले फुर्सद पाउँथे । प्रोजेक्टरहरू सुरुमा थोरै सङ्ख्यामा उपलब्ध थिए । माग बढ्न थालेपछि सप्तरी-२ मा वार्डपिच्छे एक प्रोजेक्टरको व्यवस्था गरिएको थियो । यसबाट दुइटा काम एकै पटक भएका रहेछन् । पार्टीको संगठन विस्तार र सीकेको व्यक्तित्वको प्रोजेक्सन । देहातका निमुखा गरिब मधेशीहरू सीके राउतलाई नेता मात्र होइन, मुक्तिदाताका रूपमा हेर्ने गर्छन् ।

निर्वाचन तयारीका क्रममा जनमत पार्टीले कार्यकर्ताहरूको परिचालन र व्यवस्थापनका लागि सबैभन्दा महत्त्वपूर्ण एकाइ बुथलाई मानेको थियो । इन्द्रजित यादवका अनुसार, पार्टीले 'अपन बुथ सब से मजबुत' नारा दिएको थियो । हरेक बुथमा त्यहीँकै दस कार्यकर्ताको समूह बनाइएको थियो जसको मुख्य काम मतदाताहरूलाई मतपत्रबारे जानकारी दिने, मत हाल्ने तरिका सिकाउने, मत कसरी बदर हुन्छ भन्नेबारे ज्ञान दिनु थियो । तिनीहरूको सुरक्षाका लागि प्रत्येक बुथमा थप दस युवा खटाइएका थिए, जसमध्ये पाँच जना बाइक भएको हुनैपर्थ्यो । एक प्रकारले त्यसलाई सुरक्षा दस्ता भन्न सकिन्छ ।

यस्तो सुरक्षा दस्ता बनाउनुपर्नाको कारणबारे मैले सीके राउतसँग जिज्ञासा राखेको थिएँ । उनको तर्क थियो- हाम्रा आमसभामा समाजको तल्लो तप्काका गरिब, शोषित, पीडितहरूको सहभागिता ज्यादा हुन्छ । ती समूहले हामीसँग विशेष आशा गरेको महसुस हुन्थ्यो तर तिनीहरू बेग्लै समस्याबाट पीडित थिए । आमसभामा आए पनि भोट हाल्न खोज्दा तिनका मालिक/संरक्षकहरूले थर्काउने गर्दा रहेछन् । कर्जा दिएका मालिकहरू निर्वाचनकै मुखमा आएर ताकेता गर्न थाल्ने, अनेक सर्त राख्न खोज्नेजस्ता काम हुँदा रहेछन् । प्रायः दलित बस्ती - जो अर्काका जमिनमा बसेका हुन्छन् - मा मालिकहरूले आएर जमिन खाली गर्न भन्दै धम्क्याउँदा रहेछन् । स्थानीय तह निर्वाचनमा त्यस्ता घटना धेरै भएको हामीलाई जानकारी थियो । त्यसकारण ती मतदाताहरूको सुरक्षाका लागि हामीले छुट्टै रणनीति बनाएका थियौं । प्रत्येक टोलका दुवै छेउमा दुईदुई जना युवाले पहरा दिन्थे । कसैको घरमा कुनै अन्य पार्टीका नेता, कार्यकर्ता वा अपरिचित मानिस आउनेबित्तिकै उनीहरू त्यहाँ पुग्ने र सकेसम्म धम्की वा पैसा नदिइयोस् भनेर विशेष सजगता अपनाउने गर्थे । खास गरी मौन अवधिमा बाहिरी मानिसहरूलाई दलित एवं गरिब बस्तीमा छिर्नै नदिने रणनीतिका साथ जनमतका कार्यकर्ताहरूले काम गरेका थिए । स्थानीय तह निर्वाचनभन्दा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा व्यापक भिन्न परिणाम आउनुको प्रमुख कारण त्यो पनि हो ।

जनमतका नेताहरूका अनुसार, यस्तो रणनीति सबै क्षेत्रका लागि बनाइएको थियो तर सप्तरी-२ मा राम्रोसँग लागू भयो ।

जसपाका कार्यकर्ताहरूले सार्वजनिक रूपमा विकासका र भित्री रूपमा जातको भाष्य स्थापित गर्न खोजेका थिए । उनीहरू सप्तरी-२ मा उपेन्द्र यादवले गरेका विकासका कामहरूको लामो सूची सुनाउँथे; रामराजाप्रसाद सिंहका नाममा स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्वीकृति, प्रदेश सरकारले स्थापना गरेको कृषि विश्वविद्यालय, राजविराज अस्पतालको स्तरोन्नति, अस्पताल हातामा नर्सिङ कलेजको स्थापना, उपभोक्ता समितिमार्फत अनेकौं सडक र पुलको निर्माण, कोल्ड स्टोरेजको निर्माण लगायतका अनुदानमुखी कार्यक्रमहरूको बखान गर्थे ।

जनमतका एक कार्यकर्ताको भनाइ थियो, 'राष्ट्रपति बनाउने बेलामा रामराजाप्रसाद सिंहलाई भोट नदिने अनि आज आएर उनको नाममा स्वास्थ्य विज्ञान प्रतिष्ठान ? यो सब नाटक हो ।'

'सङ्घीय सरकारले त्रिभुवन विश्वविद्यालय त सञ्चालन गर्न सकिराखेको छैन, यो भ्रष्ट प्रदेश सरकारले कृषि विश्वविद्यालय चलाउन सक्छ ? यसको भित्री उद्देश्य आफ्ना कार्यकर्ताको भर्नाबाहेक केही होइन' भनिहिँड्थे जनमतका कार्यकर्ताहरू ।

संसद् विकास कोषबाट निर्माण थालिएको नर्सिङ कलेज र प्रदेश सरकारको बजेटबाट थालिएको कोल्ड स्टोरेजको निर्माणमा कंक्रिटको ठाउँमा फलामका पिलर र बिमको प्रयोग भएको छ जो जसपा नेताकै उद्योगबाट खरिद गरिएका हुन् । जनमतका कार्यकर्ताहरू मतदातालाई जसपावालाहरूले विकासका नाममा आफ्नो परिवारको व्यापार बढाएको बताउँथे ।


सप्तरी-२ को एक आमसभामा जसपा नेताहरूले त्यस क्षेत्रमा ल्याएको विकासे बजेटको फेहरिस्त सुनाइरहँदा दर्शकदीर्घाबाट 'तिमी र तिम्रा पीएले २० प्रतिशत कमिसन पनि खाएका हौ' भन्दै हुटिङ भएको थियो । प्रदेश सरकारबाट २५ लाख रुपैयाँ अनुदान पाएका सप्तरीका एक कृषकले आफ्नो हातमा केवल १२ लाख परेको र बाँकी सबै नेता-कर्मचारीले मिलेर खाएको यो पंक्तिकारलाई बताएका थिए । यसरी जसपाका कार्यकर्ताहरूले स्थापित गर्न खोजेको विकासे भाष्यको प्रतिवादमा जनमतका कार्यकर्ताहरू त्यसभित्रका व्यापार र भ्रष्टाचारको भाष्य स्थापित गर्नमा सफल भएका थिए ।पैसा र जातको कुरा गर्नेलाई ध्यानमा राखेर जनमत पार्टीले छुट्टै रणनीति बनाएको थियो । मौन अवधिमा दलित गरिब बस्तीमा सकेसम्म त्यस्ता एजेन्टहरूलाई पस्नै नदिने रणनीति त छँदै थियो, कथंकदाचित् पसिहालेमा वा मालिकको दबाब थेग्न नसक्ने अवस्था आएमा तिनलाई भनिएको थियो- पैसा लिनैपरे लिनू तर भोट होरन छापमै हाल्नू !

जनमतका कार्यकर्ताहरूले मधेशको यादव समुदायमा जसपाको खास पकड रहेको परम्परागत बुझाइलाई पनि चिर्ने प्रयास गरेका थिए । उनीहरू भन्थे, 'यो लडाइँ जातको होइन, वर्चस्व र शोषणविरुद्धको हो ।' उदाहरणस्वरूप उनीहरू राममनोहर यादवको शहादतको प्रसंग उठाउँथे । सप्तरीमा मृगेन्द्रसिंह यादव र रेणु यादव परिवारबीचको द्वन्द्वको चिरफार गरेर सम्झाउँथे ।

२०७५ सालमा उपेन्द्र यादव उपप्रधानमन्त्रीका रूपमा नेपालगन्ज जाँदा जनमतका कार्यकर्ताहरूले कालो झन्डा देखाउने प्रयास गरेका थिए । त्यही क्रममा राममनोहर यादव पक्राउ परे र प्रहरीको यातनाबाट थुनामा उनको मृत्यु भयो । त्यस घटनालाई लिएर जनमत पार्टीले लामो समयसम्म आन्दोलन गरेको थियो । जनमतका कार्यकर्ताहरू भन्थे, 'सवाल जातको भएको भए राममनोहरलाई उपेन्द्रले छुटाउँथे होलान् नि ! तर, प्रहरीलाई दबाब दिएर यातना दिन लगाएका थिए ।'

अर्को प्रसंग उपेन्द्र यादवका निर्वाचन कमान्डर मृगेन्द्रसिंह यादवसँग सम्बन्धित थियो । उनैको उदाहरण दिँदै जनमतका कार्यकर्ताहरू भन्थे, 'उनी यादवका हितैषी हुन् कि सप्तरीका पुस्तैनी जमिनदार ? आपसमा कहिल्यै नमिल्ने मृगेन्द्रसिंह यादव र रेणु यादवको परिवारबीच लडाइँ जातको हो कि वर्चस्वको ? कुनै पनि सम्भ्रान्त जमिनदारले जातको आधारमा सेवा गर्छन् कि वर्गको आधारमा शोषण ?' आदि-इत्यादि ।जापान र बेलायतमा पढेका, अमेरिकामा काम गरेका, एघार वर्षदेखि निरन्तर मधेशमा बसेर राजनीतिक गतिविधि गरिरहेका सीके राउत जुन प्रकारले मधेशभित्रका पनि सीमान्त समुदायको आशाको केन्द्र बनेका छन्, यसले समग्र देश र मधेशको राजनीतिमा विशेष अर्थ राख्दछ ।

मधेश राजनीतिका विभिन्न कालखण्डमा विभिन्न नेता र पार्टीहरूको आ-आफ्नै विशिष्ट योगदान छ । गजेन्द्रनारायण सिंहको जीवनकालसम्म मधेश राजनीति पूरै भावनात्मक थियो । राज्यपक्षबाट मधेशीमाथि भइरहेको नीतिगत विभेदविरुद्ध संघर्ष गर्नुपर्ने मनोविज्ञान निर्माणमा सद्भावना आन्दोलनको अतुलनीय योगदान रह्यो । पछिल्लो समय राजनीतिक समस्याहरूको तर्कपूर्ण व्याख्या र आवश्यक संवैधानिक परिवर्तनका लागि उपेन्द्र यादव, महन्थ ठाकुर, जेपी गुप्ता, राजेन्द्र महतोहरूको प्रयासले ऐतिहासिक उपलब्धि हासिल गरेकै हो । तर यी दुवै आन्दोलन केवल राजनीतिक समस्यामा केन्द्रित रहे । सांगठनिक तौरतरिकामा केही परिवर्तन ल्याए पनि सामाजिक रूपान्तरणको मुद्दा पूरै ओझेलमा परिरह्यो । ती मुद्दाहरूलाई राजनीतिका मूल मुद्दा बनाउने काम सीके राउतले गर्न खोजेका छन् । यस कारण सीकेको जितले मधेश राजनीतिमा खास अर्थ राख्दछ । उनले संविधान पुनर्लेखन वा प्रदेश सीमाङ्कन हेरफेरको कुरा गरेका छैनन् । उनले मधेशमा शिक्षाको दुरवस्था, बिदेसिएका लाखौं युवाको पीडा, किसानको दुःख, महिला हिंसा र जातको राजनीति गरेर वर्गीय शोषण गर्नेहरूविरुद्ध प्रश्न उठाएका हुन् । सीकेको जित र जनमत पार्टीको उदयले पराम्परागत मधेश राजनीतिको एजेन्डा, संगठन र नेतृत्वबारे व्यापक पुनर्विचार हुनुपर्ने खाँचो देखाएको छ । केवल राज्यबाट भइरहेका विभेदको कुरा गरेर, समाजलाई भावनात्मक ध्रुवीकरणमा लगेर निर्वाचन जित्ने र सत्तामा पुगेपछि मात्तिएको हात्तीजस्तो व्यवहार गर्ने नेतागिरी अब मधेशमा नचल्ने सन्देश पनि दिएको हो । यो समग्र नेपाली युवा पुस्तामा बढ्दै गएको जुझारुपनको संकेत पनि हो जसले नेतृत्वमा जारी पुस्तान्तरणको यात्रालाई थोरै भए पनि बल नै पुऱ्याउनेछ ।सभार इकान्तिपुर



बीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बीरगंज, पर्सा

बन प्राविधिक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
(सूचना प्रकाशित मिति: २०७९/०९/२६)

यस महानगरपालिकामा आ.व. ०७९/०८० **"समवृद्धिका लागि बन परियोजना"** का लागि **बन प्राविधिक** करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले ७ (सात) दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन दिनु हुन अनुरोध छ ।

तपसिल

| क.स | विज्ञापन नं. | पद, सेवा, समूह | तह | माग संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०१/०७९/०८० | बन प्राविधिक | ५ | १ | ४००/- | समवृद्धिका लागि बन परियोजना |

१. **आवश्यक न्यूनतम योग्यता:-** बन विज्ञान विषयमा प्रमाणपत्र तह (१०+२) वा डिप्लोमा वा बन विज्ञान विषयमा स्नातक गरेको र सम्बन्धित काममा कम्तीमा ३ वर्षको अनुभव हासिल गरेको ।
२. **दरखास्त दिने स्थान:-** बीरगंज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय
३. **दरखास्त दिने अन्तिम मिति:-** २०७९/१०/०५ सम्म कार्यालय समय भित्र
४. **आवेदन दस्तुर:-** रु. ४००/-
५. **छनौटको किसिम:-** अन्तर्वार्ता
६. **आवेदन साथ संलग्न कागजातहरु:-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरु
   - नेपाली नागरिकता प्रमाणको छायाँप्रति
   - शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित छायाँप्रति
   - चारित्रिक प्रमाण पत्रको प्रमाणित छायाँप्रति
   - अनुभव खुल्ने कागजात
   - २ प्रति पासपोर्ट साईजको फोटो

प्रधान

# मंगलबारको अनुगमनमा ग्लोबल लेदर उद्योगले सिर्सियामा प्रदुषित फोहोर पानी फाल्ने गरेको भेटियो



वीरगञ्ज । सिर्सिया नदी प्रदुषणमा जिम्मेवार रहेका उद्योगलाई कारबाहीको दायरामा ल्याउन वीरगञ्ज महानगरपालिकाले सुरु गरेको उद्योगको अनुगमन जारी छ ।

मंगलबार नदी क्षेत्रमा रहेका तीन वटा उद्योगको स्थलगत अनुगमन गरिएको छ। वीरगञ्ज महानगरपालिका वडा नम्वर २२ मा रहेको ग्लोबल लेदर प्रा.लि., वडा नम्वर ३२ को अन्नपूर्ण स्टिल उद्योग र सोही ठाउँको फर्चुन स्टिल इम्पेक्सको टोलीले अनुगमन गरेको हो ।

मंगलबार अनुगमन भएका तीन वटा उद्योगमध्ये ग्लोबल लेदर नदी प्रदुषण गराउन जिम्मेवार रहेको पाइएको छ। यो उद्योगले पानी प्रशोधन नै नगरी केमिकल युक्त दुर्गन्धित पानीसहितको फोहोर सोझै नदीमा मिसाउने गरेको भेटिएको छ ।

उद्योग स्थापना गर्दा नै पानी प्रशोधन केन्द्र निर्माण गर्नु पर्ने भए पनि उद्योगले अटेर गर्दै प्रशोधन केन्द्र नै नबनाई दुर्गन्धित पानी सोझै नदीमा मिसाइरहेको भेटिएको अनुगमनमा गएका वीरगञ्ज महानगरका वातावरण निरीक्षक प्रदिप साहले जानकारी दिए ।

अनुगमन टोलीले उद्योगलाई तत्काल प्रशोधन केन्द्र बनाउन र फोहोर पानी नदीमा नफाल्न चेतावनी दिएको छ। यस्तै आजै अनुगमन भएका दुबै स्टिल उद्योगले भने फोहोर पानी नदीमा नफालेको भेटिएको पनि वातावरण निरीक्षक साह बताउँछन् ।

गएको कात्तिक २३ गते वीरगञ्ज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमको संयोजकत्वमा स्थानीय प्रशासन, उद्योगी तथा सुरक्षाकर्मी सम्मिलित सिर्सिया नदी प्रदुषण नियन्त्रण समिति गठन भएर समितिले हरेक साताको मंगलबार नदी क्षेत्रमा रहेका उद्योगहरुको अनुगमन गर्दै आएको छ ।

वीरगञ्ज महानगरपालिका र जितपुर सिमरा उपमहानगरपालिकाको आइतबार मात्रै बसेको संयुक्त बैठकले तीन साताको अनुगमनका क्रममा सिर्सिया नदी प्रदुषणमा जिम्मेवार रहेका तीन वटा उद्योगलाई कारबाहीस्वरुप स्पष्टिकरण सोध्ने निर्णय गरिसकेको छ ।

मरियम लेदर, मारुती पेपर र दुर्गा पल्प एण्ड पेपरलाई स्पष्टिकरण सोध्ने निर्णय गरेको थियो ।

वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले निर्वाचनका बेला जनतासमक्ष गरेको बाचा बमोजिम सिर्सिया नदी प्रदुषण नियन्त्रणका लागि समिति नै बनाएर अभियान चलाएका हुन् ।

मंगलबार अनुगमनमा वीरगञ्ज महानगरपालिका वन तथा वातावरण महाशाखा प्रमुख देवेन्द्र चौधरी, वातावरण निरीक्षक प्रदिप साह, जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक दावा तेन्जी शेर्पा, महानगर प्रहरी प्रमुख हरि भुषाल लगायतको उपस्थिति रहेको थियो ।

# प्रधानमन्त्री दाहाललाई प्रचण्ड बहुमत,२६८ सांसदको समर्थन

काठमाडौं – प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वासको मत पाएका छन्। संविधानको धारा ७६ (२) बमोजिम प्रधानमन्त्रीमा नियुक्त भएका दाहालले मंगलबार संविधानको धारा ७६ (४) को व्यवस्थाबमोजिम प्रतिनिधिसभाबाट विश्वासको मत लिएका हुन् ।दाहाल गएको १० पुसमा सात दल र तीन स्वतन्त्र गरी १६९ सांसदको समर्थनमा प्रधानमन्त्री नियुक्त भएका थिए । तर, उनलाई २६८ सांसदले विश्वासको मत दिएका छन् ।संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले सत्ता गठबन्धन र सरकारमा सहभागी नभए पनि दाहाललाई विश्वासको मत दिएको छ । कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवाले प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिन ह्वीप नै जारी गरेका थिए ।प्रतिनिधिसभामा २७५ सदस्य छन् । त्यसमध्ये एक सांसद निलम्बित छन् भने राप्रपा सांसद पशुपति शमशेर जबरा बैठकको अध्यक्षता ग्रहण गरेकाले मतदानमा सहभागी भएनन्। मंगलबार भएको मतदानमा २७० सांसदमात्रै सहभागी भएका थिए । दाहालले २६८ मत पाएका छन् भने विपक्षमा २ मत खसेको छ । नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाल र राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसीबाहेक सबै दल र स्वतन्त्र सांसदहरूले प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिएका छन् ।प्रधानमन्त्री दाहाललाई कांग्रेसका ८५ सांसदले विश्वासको मत दिएका छन् । सांसदहरु किशोरसिंह राठोर, मनोरमा शेरचन र अम्बिका बस्नेत भने मंगलबारको बैठकमा अनुपस्थित थिए ।त्यस्तै, सत्ता गठबन्धनमा रहेका दलहरू नेकपा एमालेका ७९, नेकपा माओवादी केन्द्रका ३२, राष्ट्रिय स्वतन्त्र पार्टीका २०, राष्ट्रिय प्रजातन्त्र पार्टीका १३, जनता समाजवादी पार्टीका १२, जनमत पार्टीका ६, नागरिक उन्मुक्ति पार्टीका ४ र तीन स्वतन्त्र सांसदले मत दिएका छन् भने नेकपा एकीकृत समाजवादीका १० र लोकतान्त्रिक समाजवादी पार्टीका ४ सांसदले सरकारमा सहभागी नभएपछि विश्वासको मत दिएका छन् ।संविधानको धारा ७६ (४) ले उपधारा २ र ३ बमोजिम नियुक्त भएको प्रधानमन्त्रीले त्यसरी मनोनित भएको तीस दिनभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था छ ।

## पर्सागढि ...

कमिकमजोरी सुन्न नचाहेको बताए ।अर्का अभिभावक शम्भु पटेल ले बिधालयमा भएको बिक्रीती बिसङगती बिरुद्ध बिधालय लाई अभिभावक भेला राख्न बारम्बार भनियता पनि बिधालयले अभिभावक भेला नराखेको कारण युवाहरुको सक्रियतामा बजारको सेटमा खुला भेला राख्न बाध्य भएको बताए ।

कार्यक्रममा अभिभावक हरु सोममाया तमाङ्ग , बिरेन्द्र चौधरी , बलराम आचार्य , जगरनाथ तिवारी , बिमला बस्नेत लगायत बिधार्थी हरुले मनतब्य राखेका थिय ।

अन्तरक्रिया कार्यक्रम बाट बिधालय सुधार सघर्स समिती नौव सदस्य समिती गठन गरेको छ ।
अरुण प्रकाश रेग्मीको सयोजकमा सम्भु प्रसाद राउत , गज बहादुर लामा , जगरनाथ तिवारी , बलिराम उपाध्या , राजेस कुमार साह , पार्बती रेग्मि , बिमला बस्नेत , कल्पना पौडेल रहेका छन ।साथै भेला बाट सम्बन्धित निकाय हरुमा ज्ञापनपत्रसमेत बुझाउने निर्णय भएको छ ।

## फरार...

राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसीले भने प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिएनन् ।

त्यस्तै कांग्रेसका ३ सांसद भने मतदानमा अनुपस्थित रहेका थिए ।महोत्तरी-१ बाट निर्वाचित कोइरी ०७२ को मधेस आन्दोलनका बेला सशस्त्र प्रहरीका सहायक निरीक्षक थमन विकको हत्यासम्बन्धी मुद्दामा उच्च अदालतबाट थुनामा राख्न आदेश सुनाइएका व्यक्ति हुन् ।

२०७२ भदौ २५ मा आन्दोलनकारीको कुटाइबाट गम्भीर घाइते विकलाई उपचारका लागि जनकपुर लैजाने क्रममा एम्बुलेन्सबाट थुतेर हत्या गरिएको थियो ।
उक्त घटनामा मुद्दा चलेपछि जिल्ला अदालत महोत्तरीले ०७६ असोज २ मा कोइरीलाई १ लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएको थियो ।

जनकपुर उच्च अदालतले २०७७ मंसिर १९ मा जिल्लाको आदेश उल्ट्यायो र कोइरीलाई थुनामै राखेर मुद्दा अघि बढाउन आदेश दियो । त्यसयता कानुनको नजरमा फरार उनी कानुन निर्माण गर्ने थलोमा निर्वाचित भएका हुन् ।

यसअघि सांसदको शपथ ग्रहण कार्यक्रममा कोइरीलाई पक्राउ गर्न परिचालन गरिएको भनिए पनि उनी पक्राउ भने भएनन् ।

संसद् सचिवालयले भने कोइरीलाई निलम्बन गर्नका लागि पत्र नआएको जनाएको छ । प्रहरी प्रधान कार्यालयले कोइरीलाई नियन्त्रणमा लिन सचिवालयलाई पत्र लेखेर सहयोग मागेको भने पनि उनलाई निलम्बन गर्न भने पत्र पठाएको छैन ।

भ्रष्टाचार अभियोगमा विशेष अदालतमा मुद्दा खेपिरहेका कांग्रेस नेता तथा पूर्वमन्त्री टेकबहादुर गुरुङको सांसद पद भने निलम्बन भएको छ ।

संघीय संसद् सचिवालयले सूचना जारी गर्दै अदालतमा विचाराधीन अवस्थामा रहेको मुद्दा किनारा नलागुञ्जेलसम्म संवैधानिक व्यवस्थाअनुसार गुरुङको सांसद पद स्वत: निलम्बनमा परेको जनाएको हो ।

# विश्रूवासको मतले रोपेको अविश्रूवासको बीउ

काठमाडौं – संसदीय व्यवस्थाको एउटा मुख्य विशेषता हो- बहुमतको सरकार र अल्पमतको प्रतिपक्ष। संसद्मा बहुमत प्राप्त गर्ने नेताले कार्यकारी भूमिका निर्वाह गर्छन्, अनि विपक्षमा बस्नेले कार्यकारीलाई खबरदारी। संसदीय मूल्य मान्यताको यो आधारभूत विशेषतालाई चुनौती दिने दृश्य मंगलबार प्रतिनिधिसभामा देखियो ।

प्रधानमन्त्री पुष्पकमल दाहाललाई दुई जना बाहेक सबै सांसदले प्रतिनिधिसभामा विश्वासको मत दिए । २७५ सदस्यीय संसद्मा उपस्थित २७० मध्ये २६८ जना सांसद्को समर्थन प्राप्त गर्नु दाहालका लागि ऐतिहासिक त हो नै, संसदीय अभ्यासमा विरलै प्राप्त हुने उच्च समर्थनको अवसर पनि ।

दाहालले यस्तो अभूतपूर्व समर्थन प्राप्त गर्दै गर्दा संसद् भने लुलो भएको छ, संसदीय अभ्यासमा धमिरा लागेको छ। किनकि सबै ठूला दल सत्तापक्ष भएपछि संसद्मा अब विपक्षी स्वर करिब शून्य हुनेछ ।

एमाले र माओवादीसहित सात दलको गठबन्धनबाट प्रधानमन्त्री नियुक्त भएर विश्वासको मत माग्न गएका दाहाललाई संसद्को सबैभन्दा ठूलो दल कांग्रेसले समेत मत दिएको छ । संसदीय राजनीतिको स्वाभाविक अभ्यास अवलम्बन गर्ने हो भने दोस्रो र तेस्रो ठूलो दल मिलेर सरकार बनाएका बेला पहिलो ठूलो दल विपक्षमा बस्नुपर्ने हो। तर, कांग्रेसले फरक खालको अभ्यास गऱ्यो, दाहाललाई समर्थन गरेर। हुन त २०५१ सालमा एमालेका मनमोहन अधिकारीको अल्पमतको सरकारलाई कांग्रेसले विश्वासको मत दिएको इतिहास छ । त्यो बेला र अहिलेको परिस्थिति फरक छ ।

२०५१ सालमा विश्वासको मत नदिँदा प्रतिनिधिसभा विघटन हुन सक्थ्यो। तर अहिले कांग्रेसले विश्वासको मत दिँदा न त संसद् विघटनको अवस्था छ, न दाहाललाई प्रधानमन्त्रीमा निरन्तरताका लागि कांग्रेसको मत नै आवश्यक थियो । कांग्रेसको कार्यसम्पादन समितिको बैठकमा महामन्त्रीद्वय गगन थापा, विश्वप्रकाश शर्मा, अर्जुननरसिंह केसी, बलबहादुर केसीले यस्तै कुरा उठाउँदै कांग्रेसलाई विपक्षमा राख्नुपर्ने धारणा राखेका थिए। तर उनीहरुको धारणाको सुनुवाइ भएन।

विपक्षमा बस्नुपर्ने मुख्य दल नै सरकारको समर्थक भएपछि अब प्रतिनिधिसभामा विपक्षी दलको धर्म एक सिट हुने राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी र नेमकिपाका प्रेम सुवालले निर्वाह गर्नुपर्ने भएको छ ।

कांग्रेसले सरकारलाई विश्वासको मत दिएर बस्ने बेन्चचाहिँ प्रतिपक्ष रोज्ने ढोंगी प्रवृत्ति देखाएको छ। यसले सत्तालाई मजबुत बनाउँछ न त संसद्लाई ।

संसद्को अबको अवस्था कस्तो हुन्छ ?

प्रतिनिधिसभाको मंगलबारको बैठकमा राष्ट्रिय जनमोर्चाका सांसद केसीले स्पष्ट रुपमा भनेका छन्- 'शक्तिशाली प्रतिपक्ष भएन भने सरकारले जे मनलाग्यो त्यही गर्छ । विगतमा भएका आफ्ना गल्ती कमजोरी ढाक्नलाई यसो गरिएको हो। यसो गरेर देश बन्छ ? यो डरलाग्दो दृश्य हो ।'

कांग्रेसले सरकारलाई समर्थन गर्नुका पछाडि संसद् र संविधान रक्षालाई मुख्य कारण दिएको छ। सोमबार सत्ता गठबन्धनका मुख्य नेता एमाले अध्यक्ष केपी शर्मा ओलीले विगतमा गरेको संसद् विघटनलाई स्वाभाविक भन्दै प्रतिरक्षा गरेका थिए ।

ओलीले दिएको त्यही अभिव्यक्तिलाई कांग्रेस सभापति शेरबहादुर देउवाले मंगलबार प्रतिनिधिसभामा दाहाललाई समर्थन गर्ने मुख्य कारणको रुपमा व्याख्या गरे ।




देउवाले भने, 'वर्तमान सत्ता गठबन्धनका प्रमुख घटकका नेताबाटै संवैधानिक व्यवस्थालाई चुनौती दिएको परिप्रेक्ष्यमा संविधानको रक्षाका लागि खरो रुपमा उभिने चुनौती हाम्रो सामुन्ने आएको छ ।' विगतमा ओलीले संसद् विघटन गर्दा दाहालसँगै उभिएको प्रसंग समेत देउवाले जोडे ।

देउवाले ओलीका विगतका गतिविधिलाई इंगित गर्दै दाहाल सरकारलाई विश्वासको मत दिने निर्णय गरेपछि सत्ता गठबन्धनभित्र भने अविश्वासको बीउ रोपिएको छ । एमाले अध्यक्ष ओलीले प्रतिनिधिसभाको रोस्ट्रमबाटै सत्ता गठबन्धनलाई कांग्रेसले गरेको समर्थनप्रति आशंका व्यक्त गरेका छन्। ओलीले यो समर्थनभित्र कांग्रेसको कुनै दाउ हुनसक्ने उल्लेख गरेका छन्। उनले माछा मार्न प्रयोग गरिने जाल र ढोक्साको बिम्ब प्रयोग गर्दै समर्थनभित्र कुनै लाभ लिने प्रयास नगर्न चेतावनीसमेत दिएका छन् ।

ओलीले रोस्ट्रमबाटै भनेका छन्, 'यस समर्थनभित्र सदासयताबाहेक अन्य कुरा छैन भन्ने विश्वास छ। यदि यो समर्थन कुनै जाल होइन, यो समर्थन ढोक्सा होइन भने स्वागतयोग्य छ । ढोक्सा हो भने, जाल हो भने भन्न चाहन्छु, माछा नभएको नदीमा जाल फ्याँकिएको छ । यसभित्र भोलिका निम्ति अरु खालको विशेष आग्रह सोचिएको छ भने ढोक्सा रित्तै हुने छ ।'

ओलीले संसद्मा दिएको यो अभिव्यक्तिले दाहाललाई समर्थन दिनुको पछाडि कांग्रेसले कुनै लाभ लिने वा एमालेको भूमिका अब कमजोर पार्ने प्रयासअन्तर्गत भएको संकेत गर्छ ।

किनकि कांग्रेसले समर्थन गर्नेबित्तिकै अब प्रधानमन्त्री दाहाल संसद्भित्र गणितीय रुपमा झन् मजबुत बनेका छन् । सत्ताको चाबी अब एमालेसँग मात्र रहेन ।

एमालेसँग कुनै पनि खटपट वा असमझदारीको अवस्था आए दाहालका लागि कांग्रेसले काँध थाप्नेछ । कांग्रेसले समर्थन नगरेको भए दाहाललाई सरकार टिकाउन एमालेको साथ हुनैपर्ने बाध्यता थियो । अब कांग्रेसको समर्थनपछि दाहालका लागि प्रधानमन्त्रीमा टिकिरहन एमाले नभए पनि हुने अवस्था आएको छ ।

त्यसैले प्रधानमन्त्री दाहाल पनि आफ्नो पक्षमा सबै गोलबद्ध भएको भन्दै प्रतिनिधिसभामा कांग्रेसले दिएको समर्थनबाट थप पुलकित भएका छन् । उनले कांग्रेस समेतलाई जोडेर लैजाने खालको अभिव्यक्ति विश्वासको मतमाथिको छलफलपछि जवाफ दिनेक्रममा दिइसकेका छन् ।

एमालेबाट संविधानमाथि र संसद्माथि खतरा रहेको भन्ने देउवाको अभिव्यक्तिलाई समेत सम्बोधन गर्दै दाहालले भनेका छन्, 'संविधान र संसद्को रक्षाको लागि लडिरहन्छु ।'

कांग्रेसले गरेको आशंकालाई सम्बोधन गर्दै संसद्को रक्षाबारे अभिव्यक्ति दिएका दाहालले ओलीको आशंकालाई भने मेट्ने कोसिस गरेका छन् । कांग्रेसले आफूलाई दिएको विश्वासको मतभित्र थप कुनै कुरा नरहेको भन्दै दाहालले स्पष्टीकरण दिएका छन् । 'बहुदलीय संसदीय लोकतन्त्रमा प्रश्न पनि उठेका छन् । तर म प्रतिपक्ष हुँदा हुँदै सुशील कोइरालालाई समर्थन गरेको थिएँ। अहिले प्रमुख प्रतिपक्षी दलले दिएको मत पनि त्यो भन्दा बढी होइन ।'

प्रधानमन्त्री दाहालले कांग्रेसले दिएको विश्वासको मतको पछाडि अन्य कुनै कुरा उद्देश्य नरहेको अभिव्यक्ति दिए पनि केही लेनदेनको सहमति भएको हुनसक्ने सूचना राजनीतिक वृत्तमा चुहिसकेका छन् ।

कांग्रेसले अहिले विश्वासको मत दिनुको पछाडि आउँदो राष्ट्रपति चुनावलाई हेरेको छ । फागुन दोस्रो साता राष्ट्रपतिको चुनाव हुँदैछ । अहिले संसद्मा विश्वासको मत दिएर लगाएको गुन अब राष्ट्रपति चुनावबाट तिर्नका लागि कांग्रेसले दाहाललाई दबाब दिन सक्छ ।

राष्ट्रपति पद रणनीतिक खालको भएकाले कुनै पनि हालतमा लिनुपर्ने बुझाई कांग्रेसका नेताहरुको थियो । त्यसैले अहिले दाहाललाई समर्थन गर्दा त्यो पद लिने वातावरण बन्नसक्ने कांग्रेस नेताहरुले विश्लेषण गरेका छन् । सभापति देउवा र प्रधानमन्त्री दाहालबीच सोमबार धुम्बाराहीमा भएको छलफलमा समेत भावी समीकरणका संभावनाबारे समेत कुरा भएको कांग्रेसकै नेताहरुले बताएका छन् । यद्यपि दाहालले विश्वासको मत पाएपछि संसद् भवनबाट बाहिरिने क्रममा राष्ट्रपति वा सभामुख कांग्रेसलाई दिने कुनै सहमति नभएको भन्दै त्यस्ता सूचनाहरुको खण्डन गरेका छन् ।

राष्ट्रपतिको निर्वाचन हुने समय अझै डेढ महिना छ। यो अवधि भनेको राजनीतिक खेलकुदका लागि पर्याप्त हो रु। एमाले कुनै पनि हालतमा राष्ट्रपति र सभामुख पद आफैं लिने पक्षमा छ । यही सर्तमा एमालेले दाहाललाई पहिलो कार्यकालका लागि प्रधानमन्त्री स्वीकारेको हो ।

यदि कुनै विन्दुमा राष्ट्रपति पद लिन कांग्रेस अघि सरे र त्यसका लागि दाहालले वातावरण बनाउन थाले भने सत्ता गठबन्धनबीच खटपट पैदा हुनसक्ने छ । त्यसैले राष्ट्रपति चुनावसम्ममा सत्ता समीकरण नयाँ ढंगले अघि बढे आश्चर्य हुने छैन । तर दाहालले मंगलबार दिएको सहमति कार्यान्वयनमा 'राजनीतिक इमानदारिता' प्रदर्शन गर्ने भन्ने अभिव्यक्तिलाई शंकाको सुविधा दिन सकिन्छ ।साभार इकान्तिपुर